आज मिति २०७८ असार ०३ गते शुक्रबारको दिन बिहान ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०९ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०३/०३ गते नगर प्रमुखज्यूबाट मिति २०७८/०३/०४ गते नगर कार्यपालिकाको १०९ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
| --- | --- | --- |
| १. | गत बैठकको समिक्षा सम्बन्धमा । | • यस कार्यपालिकाको चालु आ.ब.मा हालसम्म गरिएको बैठकहरुको समिक्षा गरियो । उक्त समिक्षामा प्राप्त सुझाव अनुरुप यस नगरपालिकाबाट नागरिकहरुलाई उपलब्ध गराईरहेको सेवालाई थप सरल र सहज बनाई सेवा प्रवाह प्रणालिमा आवश्यकता अनुसार सुधार गर्ने । |
| २. | प्रगति समिक्षा सम्बन्धमा । | • यस नगरपालिकाबाट चालु आ.ब.मा सम्पादित कार्यहरुको विषय क्षेत्रगत रुपमा प्रगति समिक्षा गरियो । उक्त प्रगति प्रतिवेदनलाई अद्यावधिक गरी नगर सभामा पेश गर्ने । |
| ३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सम्बन्धमा । | • आगामी आ.ब.०७८/०७९ को लागी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको नीति, बजेट तथा कार्यक्रमलाई संशोधन गरी नगर सभामा स्वीकृतीका लागी पेश गर्ने । |
| ४. | आर्थिक विधयेक प्रस्ताव सम्बन्धमा । | • आगामी आ.ब.०७८/०७९ को लागी स्थानीय राजश्व परामर्श समितिबाट पेश भएको आर्थिक विधयेकलाई संशोधन सहित नगर सभामा स्वीकृतीका लागी पेश गर्ने । |
| ५. | ऐन, कानुन तयारी सम्बन्धमा । | • यस नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यहरुलाई सरल, सहज र प्रभावकारी बनाउन आवश्यक हुने तपसिल बमोजिमको कार्यविधिहरु स्वीकृतीका लागी पेश हुन आएकोमा उक्त कार्यविधिहरु स्वीकृत गर्ने ।<br>तपसिल<br>१. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८<br>२. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७८<br>३. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८<br>४. घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७८<br>५. व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७८<br>६. मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८<br>७. दक्षिणकाली नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८<br>८. दक्षिणकाली नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८<br>९. दक्षिणकाली नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८<br>• यस नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यहरुलाई सरल, सहज र प्रभावकारी बनाउन आवश्यक हुने तपसिल बमोजिमको नयाँ ऐनहरु तथा मौजुदा ऐनहरुमा गर्नु पर्ने संशोधन प्रस्तावलाई स्वीकृतीका लागी नगर सभामा पेश गर्ने ।<br>तपसिल<br>१. दक्षिणकाली नगरपालिकाको शिक्षा ऐन, २०७५ संशोधन प्रस्ताव<br>२. दक्षिणकाली नगरपालिका स्थानिय स्वास्थ्य सेवा ऐन, २०७७ संशोधन प्रस्ताव<br>३. दक्षिणकाली नगरपालिका कर्मचारी समायोजन विधयेक, २०७८ |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६. | न्यायिक समितिबाट भएका कार्यहरु सम्बन्धमा । | • चालु आ.ब.मा न्यायिक समितिबाट सम्पादन भए गरेका कार्यहरुलाई अनुमोदनका लागी नगर सभामा पेश गर्ने । |
| ७. | विविध । | • गत आ.ब.०७६/०७७ मा दक्षिणकाली परोपकार युवा क्लबद्वारा सञ्चालित मेयर कप फुटबल प्रतियोगितामा भाग लिदाँ द.न.पा.३ नं.वडा कार्यालयबाट भएको खर्च भुक्तानीका लागी पेश हुन आएकोमा उक्त बिल भर्पाई गत आ.ब.कै भएको कारण उक्त खर्च मध्ये रु.१,००,०००।- (एक लाख) भुक्तानी बाँकी चालु शिर्षकबाट भुक्तानी दिने ।<br>• हाल भईरहेको अत्याधिक वर्षाको कारण हुन सक्ने सम्भावित क्षतिलाई मध्यनजर गर्दै विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागी विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी ९ वटै वडा स्तरिय व्यवस्थापन समितिलाई रु.२५,०००।- (पच्चिस हजार) का दरले उपलब्ध गराउने ।<br>• यस नगरपालिकाका नगर सभा सदस्यहरु लामो समयसम्म बिरामी भई औषधी उपचार गरी रहनु परेको हुदाँ निजहरुको आर्थिक अवस्थालाई मध्यनजर गर्दै अस्पतालको बिल भर्पाई तथा डाक्टरको सिफारिसको आधारमा द.न.पा.२, का वडा सदस्य श्री सरोज के.सी.लाई रु.५०,०००।- र द.न.पा.८ का वडा सदस्य श्री राजन आचार्यलाई रु.५०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने ।<br>• कला महिला कृषि सहकारी संस्थाले गरेको व्यवसायीक कुखुरा पालन रानीखेत रोगका कारण १७०० वटा कुखुरा मरेको भन्ने सम्बन्धीत वडा कार्यालयको सिफारिसको आधारमा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी क्षतिपूर्ति बापत रकम रु.१,००,०००।- (एक लाख) उपलब्ध गराउने । |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत